# अनुसुची - १ विषय वस्तु र निर्माण तथा डिजाइन गर्दाका निर्देशिका

## १पोस्टर/पम्पलेट निर्माण तथा डिजाइन गर्दाका अवधारणा र विषय वस्तु

सवारी साधनमा अतिरिक्त भारवहनको प्रतिकुल प्रभाव सम्वन्धि सामग्रीहरु अत्याधिक संख्यामा तल उल्लेखित विभिन्न लक्षित वर्ग वा समुहहरुलाई मध्यनजर गरी बनाइएका छन् ।

१.लक्षित समुह : स्कूलका बालबालिकाहरु
२. लक्षित समुह : पैदल यात्री तथा सार्वजनिक यातायातका वयस्क यात्रुहरु
३.लक्षित समुह : सवारी चालक ( सार्वजनिक तथा निजी यातायातका साधनहरु)
४.लक्षित समुह : सार्वजनिक सवारी साधनका चालक (बस, ट्याक्सी, ट्रक, इत्यादी)
५.लक्षित समुह : दुई पांग्रे सवारीसाधनको चालक तथा त्यसका यात्रु

**सामग्री १**

**अवधारणा १ : पोस्टर, पम्पलेट तथा सुचनामूलक सामाग्री**

लक्षित समुह : यातायात व्यवसायी/ संचालक /समितीहरु

| सवारी साधनमा अत्याधिक भारवहनले के हुन्छ ? |
|---|
| १.सवारीको गति कम हुन्छ , जसले गर्दा ढुवानीको समय बढी हुन जान्छ । १० टन अतिरिक्त भारवाहन गर्ने सवारी साधनको १ टन अतिरिक्त भारवाहन गर्ने भन्दा ३००% बढीले सवारी साधन संचालन खर्च बढ्दछ । |
| *सान्दर्भिक चित्र, अतिरिक्त भारवहन भएर गति कम भएको र ढुवानी समय लागेको*  posted in: Tarahara.EasternNepal.com |

| |
|---|
| २. अत्याधिक भारवहनले सवारीको ब्रेक फेल हुन जान्छ र दुर्घटना निम्तन्छ । अतिरिक्त भारले सवारी साधनमा ब्रेक फेल र दर्घटना हने सम्भावना अत्याधिक रहन्छ । |
| *सान्दर्भिक चित्र, अतिरिक्त भारवहन भएर ब्रेक फेल भई दुर्घटना भएको*  |
| ३.अत्याधिक भारवहनले सवारी साधनको पांग्रामा चाप बढेर टायर नै फुट्न सक्छ र दुर्घटना पनि हुन सक्छ । सवारी साधनमा १० प्रतिशत मात्र वढी भार राख्नाले औसत टायरको आयु २० प्रतिशतले घट्न जान्छ । |
| *सान्दर्भिक चित्र, अतिरिक्त भारवहन भएर छिटै टायर खिइएको*   |

४.अत्याधिक  भारवहनले इन्धनको खपत बढ्न जान्छ र यातायात संचालनको खर्च बढ्न जान्छ। १ टन अतिरिक्त भार वहनले सवारी साधनको इन्धन खपतमा ६% ले वृद्धि हुने आकलन गरिएको छ।

*सान्दर्भिक चित्र, अतिरिक्त भारवहनले गर्दा साधरण भारवहनको तुलनामा बढी इन्धन खपत भएको*



५.अत्याधिक  भारवहनले इन्जिनको र एक्सेल अवस्था छिटो जिर्ण  हुन जान्छ र सवारी साधनको आयु घट्छ। साथै संचालन खर्च पनि बढ्न जान्छ।

*सान्दर्भिक चित्र, अतिरिक्त भारवहनले र सामान्य भारवहन , अतिरिक्त भारवहनले इन्जिनमा जोड परेर सवारी साधनको आयु घटेको*

| | |
|---|---|
|  |  |

६.सवारी साधनमा अतिरिक्त भारवहन सुरक्षित छैन।  नेपालमा ३०% सडक दुर्घटना ग्रामिण भागमा ट्रक दुर्घटनाको कारणले गर्दा हुने गरेको छ।

*सान्दर्भिक चित्र, अतिरिक्त भारवहनले र सामान्य भारवहनमा कुन सुरक्षित छ*

| | |
|---|---|
|  |  |

**सामग्री २**

**अवधारणा २ : पोस्टर पम्पलेट तथा सुचनामुलक सामाग्री**
लक्षित समुह : सार्वजनिक  यातायातका सवारी चालक (बस, ट्रक, ट्याक्सी, आदि)

| **सवारी साधनमा अतिरिक्त भारवहन गरिदा के हुन्छ ?** |
|---|
| १.सवारीको गति कम हुन्छ , जसले गर्दा ढुवानीको समय बढी हुन जान्छ  । १० टन अतिरिक्त भारवाहन गर्ने सवारी साधनको १ टन अतिरिक्त भारवाहन गर्ने भन्दा ३००% बढीले सवारी साधन संचालन खर्च बढ्दछ । |
| *सान्दर्भिक चित्र, अतिरिक्त भारवहन भएर गति कम भएको र ढुवानी समय लागेको*  |
| २. अत्याधिक  भारवहनले सवारीको ब्रेक फेल हुन जान्छ र दुर्घटना निम्तन्छ ।अतिरिक्त भारले सवारी साधनमा  ब्रेक फेल र दर्घटना हने सम्भावना अत्याधिक रहन्छ ।नेपालमा ३०% सडक दुर्घटना ग्रामिण भागमा ट्रक दुर्घटनाको कारणले गर्दा हुने गरेको छ । |
| *सान्दर्भिक चित्र, अतिरिक्त भारवहन भएर ब्रेक फेल भई दुर्घटना भएको*  |

| |
|---|
| ३.चाप भएर टायर नै फुट्न सक्छ र दुर्घटना पनि हुन सक्छ। सवारी साधनमा १० प्रतिशत मात्र वढी भार राख्नाले औसत टायरको आयु २० प्रतिशतले घट्न जान्छ। |
| *सान्दर्भिक चित्र, अतिरिक्त भारवहन भएर छिटै टायर खिइएको*  |
| ४.अत्याधिक  भारवहनले इन्धनको खपत बढ्न जान्छ र यातायात संचालनको खर्च बढ्न जान्छ। १ टन अतिरिक्त भार वहनले सवारी साधनको इन्धन खपतमा ६% ले वृद्धि हुने आकलन गरिएको छ। |
| *सान्दर्भिक चित्र, अतिरिक्त भारवहनले गर्दा साधरण भारवहनको तुलनामा बढी इन्धन खपत भएको*  |

५.अत्याधिक  भारवहनले इन्जिनकोअवस्था छिटो जिर्ण  हुन जान्छ र सवारी साधनको आयु घट्छ ।

*सान्दर्भिक चित्र, अतिरिक्त भारवहनले र सामान्य भारवहन , अतिरिक्त भारवहनले इन्जिनमा जोड परेर सवारी साधनको आयु घटेको*



६.कानुनले तोकेको भन्दा बढी भार वाहन गर्ने कार्य दण्डनिय हो । प्रचलित कानुन बमोजिम यस्तो कार्य गरे वापत रु २००० सम्म जरिवाना हन सक्छ र सवारी चालक अनुमति पत्र रद्द सम्म हुन सक्ने छ ।

*सान्दर्भिक चित्र, अतिरिक्त भारवहनले दण्ड जरीवानामाको भागीदार बनेको र चालक अनुमति पत्र रद्द सम्मको कानूनी कारर्वाहीमा परेको*

**सामग्री ३**

**अवधारणा ३ : पोस्टर पम्पलेट तथा सुचनामुलक सामाग्री**

लक्षित समुह : सडक प्रयोग कर्ता / जन साधारण

**सवारी साधनको क्षमता भन्दा बढी हुने गरी सार्वजनिक सवारी साधनमा नचढौं ।**

१.सार्वजनिक सवारीमा अत्याधिक भारवहनले ब्रेक फेल हुन सक्छ जसले गर्दा सवारी दुर्घटना निम्तन सक्छ

*सान्दर्भिक चित्र, अतिरिक्त यात्रु बोकेर दुर्घटना निम्तेको यात्रुवाहक सवारी साधन (बस, टाटा सुमो, इत्यादी)*



२.सार्वजनिक सवारी साधनमा झुन्डिएर र छतमा बसेर कहिल्यै यात्रा नगरौ

*सान्दर्भिक चित्र, यात्रहरु यात्रुवाहक सवारी साधन (बस, टाटा सुमो, इत्यादी)मा झुन्डिएर यात्रा गरेको*



३. अतिरिक्त यात्रु र भार राखेर सार्वजनिक सवारी चलाउनु अपराध हो र कानुनी कार्वाहीको भागीदार हुनु हो ।

*सान्दर्भिक चित्र, यात्रुहरु यात्रुवाहक सवारी साधन (बस, टाटा सुमो, इत्यादी)मा दुर्घटना निम्तन सक्ने गरी यात्रु तथा सामानको अतिरिक्त भार राखेको*



४.जिम्मेवार नागरीक बनौ र चालक वा सवारी साधनले अतिरिक्त भार राख्दा विरोध गरौ

*सान्दर्भिक चित्र, सर्वसाधारणले सार्वजनिक सवारीमा  अत्याधिक यात्रु राख्दा विरोध गरेको*



**सामग्री ४**

**अवधारणा ४ : पोस्टर पम्पलेट तथा सुचनामुलक सामाग्री**

लक्षित समुह : यातायात व्यवस्था विभाग

| **एक्सेल लोड नियन्त्रण सम्वन्धि मुद्दाहरु** |
| --- |
| १. बढी भारवहनले भौतिक संरचनामा अत्याधिक क्षति पुग्न गइ सडक, पुल पुलेसा र कालो पत्रेलाई विगारि दिन्छ । |
| *सान्दर्भिक चित्र,*  |
| २. अध्यनले नियमित साधन गुडने भन्दा बढी भारवहनयुक्त साधन गुडदा सडकको कालोपत्रेको मुल्य शत प्रतिशत बढी लाग्ने देखाएको छ । |
| *सान्दर्भिक चित्र,* |
| ३. बढी भारवहन भएको साधन गुडेर पुरानिएको वाटाहरुमा अत्याधिक भारवहनयुक्त साधन ती सवारी साधन नियन्त्रण गर्न निकै गाह्रो हुन्छ । |
| *सान्दर्भिक चित्र,*  |
| ४. अत्याधिक भारवहन भएको सवारी साधन गुडाउदा सडक दुर्घटनाको दर बढ्न जान्छ , जसले गर्दा सामाजिक मुल्य बढी चुकाउनु पर्ने हुन्छ । |
| *सान्दर्भिक चित्र,* |

५. एक्सेल लोड नियन्त्रण गर्नको निमित्त यातायात व्यवसायी, यातायात समिती र सवारी चालक बिच तत् सम्वन्धि जागरण अभियान चलाउन महत्वपुर्ण छ ।

*सान्दर्भिक चित्र,*

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ
Federation of Nepalese National Transport Entrepreneurs

NEPAL FREIGHT FORWARDERS ASSOCIATION (NEFFA)

६ एक्सेल लोड नियन्त्रण सम्वन्धि कानुनी प्रावधानहरु यातायात व्यवसायी, यातायात समिती र सवारी चालकहरु समक्ष पत्राचार/प्रसार गरिनु पर्दछ ।

*सान्दर्भिक चित्र,*

७. अत्याधिक भारवहनले सार्वजनिक सवारी साधनमा (जस्तै बस, ट्रक , टयाक्सी , इत्यादी) निम्तिने दर्घटना बारे  आम सर्वसाधारणलाई सुचित गराउनु पर्दछ ।

*सान्दर्भिक चित्र,*




८. अत्याधिक भारवहनले गर्दा सवारी साधनको दुर्घटनाको संभावना बढी हुन्छ जसले गर्दा नेपालमा ठुलो परिणाममा धनजनको क्षति निम्ताउछ । तथ्यांक तल दिइएको छ :

१.मानवीय क्षति हुने दर्घटना : नेरु ६०९,२३६.००/व्यक्ति/पटक
२.घाइते हुदाको :  नेरु १३८,४७९.००/व्यक्ति/पटक
३.ट्रक बिग्रदाको खुद आर्थिक नोक्सानी : नेरु १८०,३०८.००/साधन/पटक

*सान्दर्भिक चित्र,*

**सामग्री ५**

**अवधारणा ५ : पोस्टर पम्पलेट तथा सुचनामुलक सामाग्री**

लक्षित समुह : महानगरिय ट्राफिक प्रहरी महाशाखा

| **एक्सेल लोड नियन्त्रण सम्बन्धि मद्दा , उद्देश्य र कानुनी प्रावधानहरु** |
|---|
| १. सवारी साधनको अत्याधिक भारवहन छिटै सडकको कालापत्रे बग्रने र पुलपुलेसाहरु छिटै जीर्ण हुने एक प्रमुख कारण हो । |
| २. अत्याधिक भारवहन भएको सवारी साधनले दुर्घटनाको दर बढ्न गइ धेरै मानिसहरुको मृत्यु हुन्छ , जसले गर्दा सामाजिक र आर्थिक मुल्य बढी चुकाउनु पर्ने हुन्छ । |
| ३. अत्याधिक भारवहनयुक्त सवारी साधनलाई जरिवाना तिराउनुको मुख्य उद्देश्य सवारी साधनमा अत्याधिक भारवहन निरुत्साहित गर्नु हो । |
| ४. MVTMA 1993को उपदफा १६०(२) वमोजिम, मापदण्ड विपरित अत्याधिक भार वहन गरेमा रु ५०० देखी २००० सम्म हाललाई जरिवाना लाग्ने छ । उक्त दफा अनुसार मापदण्ड विपरित भार वहन गरेको पाइएमा तोकिएको भन्दा बढी भार निकालेर तोकिएको जरीवाना तिर्नु पर्ने छ । |
| ५. शल्क /जरिवाना/ दस्तुर : रु ५०० – २०००(Article 160(2); MVTMA 1993); २००० सम्म(Article 30, Public Road Act); रु ५०० – २०००(Article 9.1, Cargo Carries Load Regulating Directive, 2014) |
| ६. यातायात व्यवस्था विभाग जरिवाना संकलन गर्ने आधिकारिक निकाय हो । तथापि यातायात व्यवस्था विभागले महानगरिय ट्राफिक प्रहरी महाशाखालाई रु १००० सम्मको जरिवाना असुल्ने अख्तियारी प्रदान गरेको छ । अतिरिक्त भार सम्वन्धि रु १००० भन्दा माथिको जरिवाना भने यातायात व्यवस्था विभाग आफैले असुल्ने छ । |
| ७. भुक्तानीको तरीका: भारवहन नियमन निर्देशिका २०१४ले अतिरिक्त भार वहन सम्बन्धि लाग्ने शुल्क भारमापन गर्ने केन्द्रको रसिदमा उल्लेख भए अनुसार नजिकको अञ्चल यातायात व्यवस्था कार्यलय वा ट्राफिक प्रहरी कार्यालयमा तिर्नु हन अनुवन्धित गरिएको छ । |
| ८. अतिरिक्त भारको लाग्ने शुल्क र अतिरिक्त भार न निकालिकन सवारी साधन सडकमा गुडाउन पाइने छैन । |

नोट :

- प्रिन्ट जागरण सामाग्री वनाउदा , डिजाइन गर्ने व्यक्तिले तिनको उद्देश्य, अवधारणा र लक्षित समुह राम्ररी बुझेको हुनु पर्ने छ ।
- लक्षित समुहले सजिलै सित बझ्ले गरी भाषा, चित्र/चिन्ह वा संकेतहरुको प्रयोग गर्नु पर्ने छ ।
- आजभोली रचनात्मक रुपले मिश्रित तथ्यमा आधारित चित्र वा फोटो भएका सुचनामुलक सामाग्री विभिन्न मुद्दाहरु सुचित गर्न, प्रसार गर्न र जागरण फैलाउन लोकप्रिय मानिन्छ । एक्सेल लोड नियन्त्रण सम्वन्धि सुचनामुलक सामाग्री विभन्न पत्र पत्रिका र प्रिन्ट मिडियामा प्रचार प्रसार गरेर पनि जागरण ल्याउन सकिन्छ । एक्सेल लोड नियन्त्रण सम्वन्धि सुचनामुलक सामाग्रीको नमुना तल हेर्न सक्नुहुने छ ।

## २श्रब्य सामाग्री निर्माण सम्बन्धि अवधारणा तथा डिजाइन

पोस्टर/पम्पलेट बाहेक विभिन्न लक्षित वर्ग वा समुहहरुलाई ध्यानमा राखेरठुलोमात्रामा अतिरिक्त भारवहन नियन्त्रण सम्वन्धि जनचेतजा मूलक श्रव्य सामग्री (संवाद)हरु तल दिइए अनुसार सुझाइएका छन ।

| **अवधारणा १ : धुराभार नियन्त्रण ( एक्सेल लोड नियन्त्रण सम्वन्धि )** |
|---|
| **लक्षित समुह :** |
| यातायात व्यवसायी संचालक समितीहरु; सार्वजनिक यातायातका सवारी चालक ( बस, ट्रक, ट्याक्सी, आदि) तथा अन्य सडक प्रयोग कर्ता |
| **सामग्री/विषय वस्तु** |
| महिला र पुरुषको वर्णन : कानुन अनुसार नै सवारी साधनमा भार बोकौ । कानुन अनुसार नै सार्वजनिक सवारी साधनमा यात्रुहरु चढाऔं । सामान र यात्रुको अतिरिक्त भार  सवारी साधनमा राख्नु अपराध हो । यसले तपाईलाई कानुनी रुपमा जरीवाना र दण्ड सजाय निम्ताउन सक्छ । <br> **मुख्य सन्देश : सवारी साधनमा अतिरिक्त भार कानुनी अपराध हो ।** |

| **अवधारणा २ : बढी भारवहनका नकारात्मक प्रभावहरु** |
|---|
| **लक्षित समुह** : |
| यातायात व्यवसायी /संचालक समिती , सार्वजनिक यातायातका सवारी चालक ( बस, ट्रक, ट्याक्सी, आदि) |
| **सामग्री/विषय वस्तु** |
| अतिरिक्त भारवहनले सवारी साधनको आयु घटाउदछ । त्यसले पांग्रा छिटै खिइन्छ र इन्जिनमा धेरै जोड पर्दछ । अतिरिक्त भारवहनले इन्धनका खपत बढी हुन्छ । सवारी साधनमा अतिरिक्त भार नराखौं र सवारी साधनको संचालन खर्च जोगाऔं । <br> **मुख्य सन्देश : सवारी साधनको संचालन खर्च जोगाउन सवारी साधनमा अतिरिक्त भार नराखौं** |

| **अवधारणा ३ : अत्याधिक भारवहन र सडक दुर्घटना** |
|---|
| **लक्षित समुह :** |
| यातायात व्यवसायी/संचालक समिती , सडक प्रयोग कर्ता, सार्वजनिक यातायातका सवारी चालक (बस, ट्रक, ट्याक्सी, आदि)तथा अन्य सडक प्रयोग कर्ता |
| **सामग्री/विषय वस्तु** |
| अतिरिक्त भारवहनले आर्थिक नोक्सानी मात्रै नभएर दर्घटना र मानवीय क्षति पनि निम्तन्छ । कानन अनसार नै भार बोकौ र दुर्घटना र मानवीय क्षति रोकौ । |

**मुख्य सन्देश : अतिरिक्त भारवहन नगरौं र दुर्घटना र धनसम्पत्तिको नोक्सानी र मानवीय क्षति रोकौ ।**

| **अवधारणा ४ : सार्वजनिक यातायातमा क्षमता भन्दा बढी यात्रु चढाउने बारे** |
|---|
| **लक्षित समुह :** |
| यातायात व्यवसायी/संचालक समिती , सार्वजनिक यातायातका सवारी चालक ( बस, ट्रक, ट्याक्सी, आदि)तथा अन्य सडक प्रयोग कर्ता |
| **सामग्री/विषय वस्तु** |
| सार्वजनिक सवारी साधनकोछतमा बसेर र झुन्डिएर यात्रा गर्नु अपराध हो । तपाई आफ्नो मात्र नभएर अरुको जीवनलाई पनि जोखिममा हाल्दै हुनुहुन्छ । झुन्डिएर र छतमा बसेर यात्रा गरेर सार्वजनिक सवारी अतिरिक्त भार नथपौ । सार्वजनिक सवारी साधनका चालकलाई अतिरिक्त भार राख्न नभनौ । **मुख्य सन्देश : सार्वजनिक सवारी साधनकोछतमा बसेर र झुन्डिएर यात्रा गरेर सार्वजनिक सवारी अतिरिक्त भार नथपौ** |

| **अवधारणा ५ : बढी भारवाहनको कानुनी प्रावधान बारे** |
|---|
| **लक्षित समुह :** |
| यातायात व्यवसायी/संचालक समिती , सार्वजनिक यातायातका सवारी चालक(बस, ट्रक, ट्याक्सी, आदि) |
| **सामग्री/विषय वस्तु** |
| सार्वजनिक सवारी साधन बस वा ट्रकमा अतिरिक्त भारवहन नगरौ । अतिरिक्त भारवहनले दुर्घटना निम्तिन र सडक बिग्रन सक्छ । अतिरिक्त भारवहन अपराध हो र यसो गर्नाले दण्ड जरिवानाको भागिदार बन्न सकिन्छ । यसले तापाईको सवारी दर्ता र चालक अनुमति पत्र खारेज हुन सक्दछ । **मुख्य सन्देश : अतिरिक्त भारवहन अपराध हो** |

**नोट :**

- श्रव्य सामाग्री र रेडियो कार्यक्रम वनाउदा , निर्माताले तिनको उद्देश्य, अवधारणा र लक्षित समुह राम्ररी बुझेको हुनु पर्ने छ ।
- उल्लेखित अवधारणा र सामग्री १ मिनेट अवधिका एगदष्अि क्भचखष्अभ ब्ललयगलअझभलत ९एक्क्०ि को निर्देशन अनुसार छ । निर्माताले सकेको आफनो रचनात्मक दक्षताको प्रयोग गरी भन्न चाहेको संदेश प्रभावकारीरुपमा प्रसार गर्नु पर्ने छ ।
- श्रोता मैत्री र सुन्दा मिठोलाग्ने खालको पात्रको आवाजमा श्रव्य सामाग्रीहरु हुनु पर्ने छ ।
- प्रत्यक श्रव्य श्रींखलामा मुख्य सन्देश प्रसार गर्ने व्यक्ति अन्य पात्र भन्दा फरक हुनु पर्ने छ र आवाज प्रस्ट छुट्टिन पर्दछ ।

## ३श्रव्यदृश्य सामग्री तयार गर्दाका  अवधारणा तथा विषय वस्तु

माथि उल्लेखित पोस्टर/पम्पलेट तथा श्रव्यसामाग्री वाहेक आर्को जनचेतना फैलाउने अति प्रमावकारी र महत्वपुर्ण माध्यम टेलिभिजनबाट प्रसारित गरिने श्रव्य-दृश्य सामाग्री हो । अतिरिक्त भारवहन नियन्त्रण गर्ने उद्देश्यले तल उल्लेखित निम्न श्रव्य-दृश्य सामाग्री विभिन्न लक्षित वर्गलाई ध्यानमा राखेर बनाइएको छ ।

| **अवधारणा १ : धुरा भार नियन्त्रण ( एक्सल लोड कन्ट्रोल )** |
|---|
| **लक्षित समुह :** |
| यातायात व्यवसायी /संचालक समितीहरु; सार्वजनिक यातायातका सवारी चालक ( बस, ट्रक, ट्याक्सी, आदि) तथा अन्य सडक प्रयोग कर्ता |
| **सामग्री/विषय वस्तु (दृश्यमा वर्णन)** |
| दृष्य १ मा अतिरिक्त भार भएको ट्रक र एउटा बस (काठमाडौंमा हुन सक्ने माइक्रोबस) देखाइएको छ। दृष्य २ मा ट्राफिक प्रहरीद्धारा त्यस्तो अतिरिक्त भारयुक्त सवारी साधनलाई  रोकिएको र  सोधपुछ गरिएको र सवारी चालक अनुमति पत्र जफत गरिएको देखाइएको छ। वर्णन :सवारी साधनमा अतिरिक्त भार राख्नु अपराध हो। अतिरिक्त भार राख्दा जो कोही पनि दण्डित हुनु पर्ने छ।<br>**मुख्य सन्देश :  सवारी साधनमा अतिरिक्त भार राख्नु अपराध र दण्डनिय हो।** |

| **अवधारणा २ : बढी भारवहनका नकारात्मक प्रभावहरु** |
|---|
| **लक्षित समुह :** |
| यातायात व्यवसायी संचालक समितीहरु; सार्वजनिक यातायातका सवारी चालक ( बस, ट्रक, ट्याक्सी, आदि) तथा अन्य सडक प्रयोग कर्ता |
| **सामग्री/विषय वस्तु (दृश्यमा वर्णन)** |
| दृष्य १ मा अतिरिक्त भार भएको ट्रक र एउटा बस बिस्तारै हिडिरहेको देखाइएको छ। दृष्य २ मा ट्रक र एउटा बस सडकमा बिग्रीएको देखाइएको छ।<br>वर्णन : अतिरिक्त भार भएका सवारी साधन गन्तव्य पुग्न ढिला हुन्छ र बिग्रन पनि सक्छ।<br>**मुख्य सन्देश :  अतिरिक्त भार भएका सवारी साधन ढिला मात्रै हिड्ने र बिग्रिने होइन त्यस्तो साधनको आयु पनि घट्द छ।** |

| **अवधारणा ३ : सडक दुर्घटना र अत्याधिक भारवहन** |
|---|
| **लक्षित समुह :** |
| सार्वजनिक यातायातका (बस, ट्रक, ट्याक्सी, आदि) सवारी चालक सवारी तथा सडक प्रयोग कर्ता |

| **सामग्री/विषय वस्तु (दृश्यमा वर्णन)** |
|---|
| दृष्य १ मा सडकमा गुडिरहेको अतिरिक्त भार भएको ट्रक र बस देखाइएको छ। खालि दृष्य देखाऔं जसमा दर्घटनाका आवाज र रोदन सुनियोस। अतिरिक्त भार भएको ट्रक र बसको दर्घटनाको दृष्य देखाउनुहोस।<br>वर्णन : अतिरिक्त भार भएको सवारी साधनले दुर्घटना निम्ताउछ र मानवीय क्षति हुन्छ।<br>**मुख्य सन्देश : अतिरिक्त भार भएको सवारी साधनले दुर्घटना निम्ताउछ र मानवीय क्षति हुन्छ।** |

| **अवधारणा ४ : सार्वजनिक यातायातमा क्षमता भन्दा बढी यात्रु चढाउने बार** |
|---|
| **लक्षित समुह :** |
| सार्वजनिक यातायातका सवारी चालक (बस, ट्रक, ट्याक्सी, आदि) / सडक प्रयोग कर्ता |
| **सामग्री/विषय वस्तु (दृश्यमा वर्णन)** |
| दृष्य १ मा यात्रु सवारी साधनमा झुन्डिएको वा छतमा यात्रा गरेको देखाइएको छ। दृष्य २ मा केही समय खाली दृष्य पछि खसेको आवाज फेरी खाली दृष्य , केही बेर पछी सवारी साधनबाट खसेर एउटा मानिस सडकमा लडेको देखाइएको छ।<br>वर्णन : झुन्डिएर र छतमा यात्रा गर्नु जीबनको मुल्य चुकाउनु वरावर हो।<br>**मुख्य सन्देश : झुन्डिएर र छतमा बसेर कहिल्यै यात्रा नगरौ।** |

| **अवधारणा ५ : बढी भारवाहनको कानुनी प्रावधान** |
|---|
| **लक्षित समुह :** |
| यातायात व्यवसायी/संचालक समिती , सार्वजनिक यातायातका सवारी चालक (बस, ट्रक, ट्याक्सी, आदि) तथा सडक प्रयोग कर्ता |
| **सामग्री/विषय वस्तु (दृश्यमा वर्णन)** |
| दृष्य १ मा अतिरिक्त भार भएका ( ट्रक, पिकअप र बस ) देखाइएको छ। एक्सेल लोड नियन्त्रण र जरिवाना सम्बन्धि के कस्ता कानुनी प्रावधान छन त्यस्को वर्णन गरिएको छ।<br>**मुख्य सन्देश : अतिरिक्त भार वहन कानुन द्धारा दण्डनिय छ।** |

**नोट :**

- टेलिभिजन कार्यक्रमको लागि दृष्य सामाग्री वनाउदा , निर्माताले तिनको उद्देश्य, अवधारणा र लक्षित समुह राम्ररी बुझेको हुनु पर्ने छ।
- उल्लेखित अवधारणा र सामग्री १ मिनेट अवधिका एगदष्अि क्भचखष्अभ ब्ललयगलअभmभलत ९एक्क० को निर्देशन अनुसार छ। निर्माताले सकेको आफनो रचनात्मक दक्षताको प्रयोग गरी भन्न चाहेको संदेश दृष्य प्रभावकारीरुपमा प्रसार गर्नु पर्ने छ।
- लक्षित समुह संग समवन्ध स्थापित गर्ने खालका अभिनेता र पात्रको चयन गर्नु पर्नेछ।
- प्रसारित श्रब्य दृष्य संदेशमुलक र आवाज प्रष्ट हुनु पर्नेछ।